नेपाल सरकार

रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४

फ्याक्स नं.: ४२११२९४

सिंहदरवार, काठमाडौं, नेपाल


नेपाल सरकार रक्षा मन्त्रालय सिंहदरबार

# प्रेस विज्ञप्ति

आज मिति २०८२ वैशाख २४ गते माननीय रक्षामन्त्री श्री मानवीर राईको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा आर्थिक वर्ष २०८१/८२ मा रक्षा मन्त्रालय र मातहतका निकायहरूबाट सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको तेस्रो त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो।

समीक्षा बैठकमा माननीय रक्षामन्त्री श्री मानवीर राईले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको रक्षा तथा नागरिकहरूको सेवा नै रक्षा मन्त्रालयको प्रमुख जिम्मेवारी भएको हुँदा यी विषयलाई उच्च प्राथमिकतामा राखी काम गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो। उहाँले चालु आ.व. को तेस्रो त्रैमासिक अवधि २०८१ माघदेखि चैत्र मसान्तसम्म मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश आयोजना तथा कार्यक्रमहरूको प्रगति सन्तोषजनक नै रहेको भए तापनि राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनामा लक्ष्यभन्दा केही कम प्रगति भएको देखिएकोले चालु आ.व. को बाँकी अवधिमा कम देखिएको भौतिक प्रगतिलाई समेत परिपूर्ति हुनेगरी कामको गति अघि बढाउन निर्देशन दिनुभयो।

माननीय मन्त्रीज्यूले द्रुतमार्ग निर्माणको क्रममा कतिपय ऐलानी जग्गामा बसोबास गरेकाहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने लगायतका विषयमा उल्लेख्य प्रगति भएको र खोकना क्षेत्रको समस्या समाधान गर्न समेत विभिन्न पहलहरू भइरहेको बारे जानकारी दिनुभयो। उहाँले नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेका महाकाली करिडोर, कोशी करिडोर लगायतका चारवटै सडक करिडोरमा लक्ष्यअनुसार प्रगति हासिल भएकोमा खुसी व्यक्त गर्दै विपद् व्यवस्थापन, विपद् प्रभावितहरूको उद्धार, राहत र पुनःस्थापना लगायतका कार्यमा नेपाली सेनाले पुऱ्याएको योगदानका लागि धन्यवाद दिँदै २०८१ चैत्र महिनामा म्यानमारमा गएको भूकम्पमा परी प्रभावित भएकाहरूलाई मानवीय सहायता अन्तर्गत नेपाली सेनाको मेडिकल टिमले गरेको सहयोगको प्रशंसा गर्नुभयो। माननीय मन्त्रीज्यूले अन्य सबै आयोजनाहरूको कामलाई पनि चालु आ.व.को बाँकी अवधिमा द्रुतताका साथ सम्पादन गर्न सबै विभागीय प्रमुखहरूलाई निर्देशन दिनुभयो। उहाँले विकास निर्माणका कार्यहरूमा अन्तर-निकाय समन्वय सुदृढ गरी विकास आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गर्दै निर्धारित लक्ष्य बमोजिम प्रगति हासिल गर्नेतर्फ क्रियाशील हुन सबैलाई आग्रह गर्नुभयो।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीले मन्त्रालय अन्तर्गतको त्रैमासिक अवधिको पुँजीगत खर्चको प्रगति केही कम देखिएकोले यसलाई बाँकी अवधिमा बढाउनेगरी काम गर्न जोड दिन आवश्यक रहेको कुरा बताउनुभयो।

नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

बैठकमा नेपाली सेनाका प्रधान सेनापति श्री अशोकराज सिग्देलले नेपाली सेनालाई जिम्मेवारी दिइएको सडक पूर्वाधार निर्माण लगायतका कार्य समयमै सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको कुरा बताउनुभयो। उहाँले ४-५ महिना द्रुतमार्गको काममा केही ढिलाइ भए पनि हाल कामले गति लिइरहेको पुल, सुरुङ लगायतका निर्माण कार्य सुचारु रूपमा अघि बढिरहेको कुरा बताउनुभयो। उहाँले आर्थिक वर्षको अन्त्यसम्ममा पूँजीगत खर्च लक्ष्यअनुसार नै हासिल हुनेगरी नेपाली सेनाले काम गरिरहेको बताउनुभयो।

रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश कार्यक्रम तथा विकास आयोजनाहरूको प्रगति सन्तोषजनक रहेको तर विविध कारणले काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको कतिपय प्याकेजमा भौतिक प्रगति लक्ष्यभन्दा केही कम भएकोमा यसलाई प्राथमिकतासाथ सम्बोधन गर्न खाँचो रहेको कुरा व्यक्त गर्नुभयो। उहाँले द्रुतमार्गको सुरु बिन्दु खोकना क्षेत्रसहित विभिन्न ठाउँमा जग्गा अधिग्रहण लगायतका विषयमा देखिएका विभिन्न समस्यालाई सम्बोधन गरी द्रुतमार्ग निर्माणलाई गति दिन विभिन्न मन्त्रालय तथा निकायसँग समन्वय र सहजीकरणको कार्य गरिएको कुरा बताउनुभयो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरूले विभिन्न सुझाव तथा मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा रक्षा मन्त्रालयका सहसचिव श्री ज्ञानप्रसाद ढकालले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेना अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिमा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रममा भएको प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या लगायतका विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो।

बैठकमा चालु आर्थिक वर्षमा मन्त्रालय र अन्तर्गत निकायलाई चालु र पूँजीगततर्फ गरी कुल रु. ५९ अर्ब ९० करोड बजेट विनियोजन भएकोमा २०८१ चैत्रमसान्तसम्म रु. ४१ अर्ब ८६ करोड खर्च भई चालुतर्फ ७५.५८ प्रतिशत र पूँजीगततर्फ १८.२१ प्रतिशत गरी कुल करिब ७० प्रतिशत प्रगति र तेस्रो त्रैमासिक अवधिको मात्र खर्च प्रगति कुल ८४.८२ प्रतिशत रहेको जानकारी प्रस्तुत भएको थियो। यस अवधिमा नेपाली सेनाबाट व्यवस्थापन भइरहेका आयोजनाहरूमा प्रतिदिन ४२२२ रोजगारी सिर्जना भएको तथा नेपाली सेना अन्तर्गत सञ्चालित अस्पतालहरूबाट चालु आ.व. को चैत्र मसान्तसम्म कुल ७ लाख ६६ हजारलाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइएको जानकारी समीक्षा बैठकमा प्रस्तुत भएको थियो। यसैगरी संयुक्त राष्ट्र संघको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति सेना खटाउने कार्य अन्तर्गत हाल विभिन्न ११ वटा मिसनहरूमा कुल ५२८८ विभिन्न दर्जाका शान्ति सैनिकहरू खटाउने कार्य भई शान्ति सैनिक खटाउने देशहरूमा नेपाल पहिलो स्थानमा रहेको जानकारी समेत गराइएको थियो।

२०८२ वैशाख २४

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता